## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/९२/२०८२/०८३

## मितिः २०८३।०१।११ गते बसेको बैठक

प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ८९ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।

बैठक बसेको समयः दिउँसो २:०० बजे।

तपसिल

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समीक्षा सम्बन्धमा। | १ |
| कानेपोखरी गाउँपालिकाको स्वामित्वमा रहेको किरणपोखरी व्यवस्थापन सम्बन्धमा। | २ |
| कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा। | ३ |
| वैदेशिक अध्ययन मनोनयन गर्ने सम्वन्धमा। | ४ |
| गाडी मर्मत खर्च भुक्तानी सम्बन्धमा। | ५ |
| स्थानीय तहबाट भूमि प्रशासन सम्बन्धी सेवाहरु प्रवाह गर्ने सम्बन्धमा। | ६ |
| सडक मर्मत/स्तरोन्नती गर्ने सम्वन्धमा। | ७ |
| विविध। | ८ |

गाउँपालिका
अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८३।०१।१० गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडाध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

गाउँ कार्यपालिकाका सदस्यहरु:

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार

झपटुलाल राजबंशी | सुफल मुर्मु सतार | केशव दाहाल | शुशिला घिमाल

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/९२/२०८२/०८३

मिति: २०८३।०१।११ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका वैठकको गणपूरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समीक्षा तथा विश्लेषण गरियो।

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भौसावारी, मोरडको आन्तरिक आय सङ्कलन गर्न कानेपोखरी गाउँपालिका अन्तर्गतको वडा नं.१ मा रहेको किरण पोखरी, होक्लाबारीवाट आन्तरिक आय सङ्कलनका लागि मिति २०८२।०३।१३ शीलबन्दी दरभाउ पत्र सूचना प्रकाशन गरिएको थियो। प्रकाशित सूचनामा तोकिएको म्यादसम्म कुनै पनि व्यक्ति/फर्मले आवेदन पेश नगरेको,पुनः मिति २०८२।०३।२७ मा आन्तरिक आय सङ्कलनको लागि शीलबन्दी दरभाउपत्र सूचना प्रकाशन गरिएको थियो। यसरी दुई पटक सम्म सूचना प्रकाशन भएकोमा कुनै पनि व्यक्ति/फर्मले आवेदन पेश नगरेको अवस्थामा हाल किरण पोखरी अव्यवस्थित अवस्थामा रहेको छ।पोखरीमा पानी सुक्दै गएको, घाँस उम्रिएर फोहोर देखिएकोले पोखरी सफाई गर्ने तथा पोखरीमा आवश्यकतानुसार पानी भर्ने, तारजाली घेराबारा मर्मत गर्ने र माछाका भुराहरु हाल्ने,पोखरीको रेखदेखको व्यवस्था गर्ने गरी पुनः आन्तरिक आय सङ्कलनको ठेक्का आह्वान गर्न कानेपोखरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतवाट पारित गरियो।

निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको शिक्षा शाखामा कार्यरत श्री रमेश काफ्ले, लोकसेवा आयोग धनकुटा कार्यालयको प.सं.२०७६।०७७ ,चलानी नं.९३३, मिति २०७६।११।१८ को सिफारिस पत्रानुसार यस कानेपोखरी गाउँपालिकाको कार्यालयको मिति २०७६।११।१९ को निर्णयानुसार शिक्षा सेवा, शिक्षा प्रशासन समूह, प्राविधिक सहायक पाँचौ तहको पदमा स्थायी नियुक्ति भई कार्यरत रहेको। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,कोशी प्रदेशको मिति २०८२।१०।११ को निर्णयानुसार शिक्षा सेवा, शिक्षा प्रशासन समूह, प्राविधिक सहायक पाँचौ तहको श्री जोनी लिम्बु कानेपोखरी गाउँपालिकामा हाजिर भई कार्यरत रहेकोमा शिक्षा शाखामा कार्यरत शिक्षा सेवा,प्राविधिक सहायक छैठौं, रमेश काफ्ले ५ वर्ष भन्दा बढी समयदेखी यस कार्यालयमा कार्यरत रहेकोमा उक्त दरबन्दीमा सरुवा सहमति बमोजिम प्राविधिक सहायक पाँचौ,शिक्षा सेवा,शिक्षा प्रशासन समूहको स्थायी कर्मचारी श्री जोनी लिम्बु हाजिर भईसकेको हुँदा एउटै दरबन्दीमा लामो समयदेखि २ जना कर्मचारी कार्यरत रहेकोले यस गाउँपालिकावाट तलब भत्ता भुक्तानीमा समस्या आएको,निज प्रा.स.

राजमती इङ्नाम
अध्यक्ष

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/९२/२०८२/०८३
मितिः २०८३।०१।११ गते बसेको बैठक

रमेश काफ्लेले सरुवा गरी अन्यत्रै जाने भनिएकोमा हालसम्म पनि सरुवा सहमति लिई सरुवा भई जाने ईच्छा नदेखाएको हुनाले निजलाई अन्यत्र रिक्त दरबन्दीमा सरुवा गरी व्यवस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेशमा लेखी पठाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२।१२।२६ को प.सं.२०८२।०८३, च.नं.२८१ को पत्रानुसार MOFCOM Scholarship, china मा MPH Scholarship अध्ययनका लागि आवेदन आह्वान गरेकोमा कानेपोखरी गाउँपालिका अन्तर्गत रहेको कानेपोखरी अस्पताल बयरवनमा जनस्वास्थ्य निरीक्षक,छैठौं, पदमा कार्यरत श्री प्रविण प्रसाद भण्डारीलाई MOFCOM Scholarship, china मा scholarship मा अध्ययन गर्नका लागि मनोनयन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको नाममा रहेका गाडीहरुको मर्मत वापतको भुक्तानी तपसिल बमोजिम रहेको र उक्त बील अनुसारको आवश्यक प्राविधिक कागजात अनुसार भुक्तानी गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

| क.स. | मर्मत भएको गाडी | मर्मत मिति | रकम | मर्मत भएको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | बा १ झ १२८३ टाटा जेनुन पिकअप | २०८२-१२-१० | २००७४४ | सरु सर्भिसिङ सेन्टर इटहरी | कन्ट्रोल भल्भ, टेल काउन एसि.प्रेसर सेन्सर लगायत मर्मत भएकव |
| २. | बा १ झ १२८३ टाटा जेनुन पिकअप | २०८२-१२-१६ | ४८१०२ | आशिस सर्भिसिङ सेनटर इटहरी | सर्भिसिङ |
| ३. | बा १ झ १२८३ टाटा जेनुन पिकअप | २०८२-१२-०६ | १९२५० | सरु सर्भिसिङ सेन्टर | एक्सल ओइस सिल,टायर सिफिङ लगायत मर्मत |
| ४. | प्र१-०४-००१-ग ००११ दमकल | २०८२-१२-२२ | ८३५६३ | न्यू सागर अटो पार्टस विर्तामोड | वाटरपम्प सिल ,टपर व्यारिङ मर्मत |

निर्णय नं.(६)

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को "ढ" मा उल्लेख भएको व्यवस्था, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबारको मिति २०८३।०१।१० गते प्रकाशित सूचना अनुसार हालको भूमि सुधार/मालपोत कार्यालय र नापी

राजमती इङ्नाम
अध्यक्ष

कार्यालयहरूबाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्न चाहने ईच्छुक स्थानीय तहले उक्त सेवाहरु सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने गरी सेवा प्रवाह सञ्चालनका लागि सूचना प्रकाशन भएकोमा यस कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मौसाबारी,मोरङ आफैले भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने गरी सेवा प्रवाह तथा सेवा सञ्चालन गर्न ईच्छुक रहेको व्यहोराको पत्राचार गर्न कानेपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको तपसिल बमोजिमको सडकहरुमा रोलर ग्रेडर लगाई सडक स्तरोन्नती गर्ने, उक्त स्थानहरुमा मर्मत/सम्भार तथा स्तरोन्नती कार्य गर्दा लाग्ने खर्च प्राविधिक लागत अनुमान तथा नापी किताब बमोजिम मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी कार्य गर्न गराउन हुन कानेपोखरी गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

१.पदमचोकदेखि डिपुचोक सडक, वडा नं.१

२.भरत थापाको घरदेखि बनकरुवा सडक, वडा नं.१

३.त्रिवेणी चोक देखि पूर्व जाने सडक, वडा नं.४

४.गणेश गुरागाईको घरदेखि साउनी माझीको घर जाने सडक, वडा नं.४

## निर्णय नं.(८)

प्रस्ताव नं.(८) का सम्बन्धमा छलफल गर्दा निम्नलिखित विभिन्न बुँदामा छलफल गरी भुक्तानी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी निम्नानुसार,

| क्र.सं. | विवरण | वडा नं. | स्वीकृत रकम |
|---|---|---|---|
| १ | कानेपोखरी-५ बस्ने केशर गुरुङको मिति २०८२/११/०७ गतेका दिन जंगली हात्तीले ४०० वटा केराको बोट खाइ नष्ट गरेको हुनाले राहत वापत विपद व्यवस्थापनबाट खर्च गर्ने, | ५ | ८००० |
| २ | कानेपोखरी-५ बस्ने हरी अधिकारीको मिति २०८२/११/०९ गतेका दिन जंगली हात्तीले २५० वटा केराको बोट खाइ नष्ट गरेको हुनाले राहत वापत विपद व्यवस्थापनबाट खर्च गर्ने, | ५ | ८००० |
| ३ | कानेपोखरी-५ बस्ने लक्ष्मी राईको मिति २०८२/११/०८ गतेका दिन जंगली | ५ | ८००० |

राजमती ... अध्यक्ष